निर्णयहरुः

१. खानेपानीका असूल गर्न बाँकी पैसा (बक्यौता महसुल) एक हप्ता भित्र सबै उपभोक्ताहरुले बुझाउने। मान्म खानेपानी समितिले बक्यौता महसुल कडाईका साथ उठाउने।

२. वितरण ट्यांकी भन्दा माथि जोडिएका सबै (Direct) धाराहरु ७ दिनभित्र काट्ने यसमा सबै उपभोक्ताहरुले सहयोग गर्ने।

३. खानेपानी समितिले १५ दिनभित्र सबै उपभोक्ताहरुको घरमा खानेपानी मिटर जडान गर्ने। यसमा सबै उपभोक्ताहरुले सहयोग गर्ने।

४. मान्म खानेपानीका कर्मचारीहरुको कार्यसम्पादन सुधार गर्न सचेत गराउने। आचरणहिन र कार्यक्षमता नभएका कर्मचारीलाई कारवाही गर्ने।

५. चुलिमालिका बृहत खानेपानीको पानी आज मिति २०८२ साल कार्तिक १४ गते नै मान्म खानेपानीमा जोड्ने व्यवस्था दुबै समितिले मिलाउने।

६. मान्म खानेपानीको मुहानभन्दा माथि र तल जोडिएका निजी मुहानका पाइप लाइन समेत तत्काल काट्ने।

७. चालु आ.व.मा मान्म वज़ार क्षेत्रमा रहेका खानेपानी योजना तत्काल निर्माण सुधार गर्ने। खाँडाचक्र नगरपालिका र खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालयले खानेपानी योजनासँग सम्वन्धित काम शीघ्र रुपमा सुरुवात गर्ने।

८. चुलिमालिका मान्म बृहत खानेपानी योजना निर्माण सम्पन्न गर्न सबै सरोकारवालाहरुले तत्काल पहल गर्ने।

९. मान्म खानेपानी समितिवाट लिएका ऋण रकम सबै ऋणिहरुले १ महिनाभित्र बुझाउने।

१०. मान्म खानेपानी समितिले कार्यसम्पादन कमजोर भएमा विधानसम्मत नियमित वा विशेष महाधिवेशनवाट समस्याको समाधान खोज्ने।

११. मान्म खानेपानीको मुहान र पाइप लाइनको समस्या समाधानको लागि मिति २०८२।०७।१५ गते मान्म खानेपानी समितिको अध्यक्षतामा बजारका अगुवा र प्राविधिक समेत सहभागी भई तपसिलका व्यक्तिहरु फिल्डमा जाने। आवश्यक सामाग्री, श्रमिकको पारिश्रमिक लगायतका विषय खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालयले व्यवस्था गर्ने।

तपसिलः

| | |
|---|---|
| -खानेपानी समितिवाट | अध्यक्ष सहित २ जना |
| -उद्योग वाणिज्य संघबाट | ३ जना |
| -वजारका अग्रज युवाहरु | ५ जना |

-खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालयबाट १ जना

| | |
|---|---|
| -सुरक्षा निकायहरुबाट | २/२ जना |
| -नगरपालिकाबाट | १ जना प्राविधिक |
| -पत्रकार महासंघबाट | २ जना |

१२. मान्म वजार प्रवेश गर्ने सडक १५ दिनभित्र निर्माण सम्पन्न गर्न उपभोक्ता समितिलाई सबैले ताकेता गर्ने। त्यसको आवश्यक व्यवस्था खाँडाचक्र नगरपालिकाले गर्ने। आवश्यक परेमा सवै उपभोक्ताले श्रमदान गरेर समेत निर्माण गर्ने।

* माथि उल्लेखित निर्णयरु कार्यान्वयन गर्न सबैले पूर्ण रुपमा सहयोग गर्ने।

गोकर्ण राज सुयल
प्रमुख जिल्ला अधिकारी